**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 29.05.2025**

---

***प्रथममा प्रमुख समाचार***

- ***भारतको प्रगतिमा पूर्वोत्तर क्षेत्र एक उज्जवल अध्यायको रूपमा देखा परेको प्रधानमन्त्रीको भनाई।***
- ***श्री मोदीद्वारा आज सिक्किममा कैयौं विकास परियोजनाहरूको शुभारम्भ***
- ***विकसित भारत 2047 लाई समर्थन गर्दै सिक्किमले, केन्द्रसँगै कदम मिलाएर अघि बढ़ने मुख्यमन्त्री प्रेमसिंह तामाङको प्रतिवध्दता***
- ***पाकिम जिल्लामा आज विकसित कृषि संकल्प अभियान को शुभारम्भ अनि***
- ***एघारौं अन्तर्राष्ट्रिय योग दिवसको तयारीलाई लिएर नयाँ दिल्लीमा बैठक आयोजना***

***अब समाचार विस्तारमा***

---

***PM***

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ सिक्किम लगायत सम्पूर्ण पूर्वोत्तर क्षेत्र भारतको प्रगतिमा चम्किलो अध्याय भइरहेछ।

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा आज गान्तोकको पाल्जोर स्टेडियममा आयोजित कार्यक्रमलाई भर्चुअल रूपमा सम्बेधन गर्दै श्री मोदीले भन्नुभयो केन्द्र सरकारले सिक्किमको प्रगतिमा पूर्ण समर्थन दिइरहेछ।

उहाँले भन्नुभयो सिक्किम वैश्विक पर्यटक स्थल बन्नेछ।

श्री मोदीले भन्नुभयो सिभोक रम्फु रेलवे लाइनले सिक्किमलाई देशको रेल नेटवर्कसित जोड़िनेछ।

पछिल्ला दस वर्षमा राज्यमा लगभग चार सय किलोमिटर लामो नयाँ राष्ट्रिय राजमार्गहरूको निर्माण भएको कुरो बताउँदै प्रधानमन्त्रीले भन्नुभयो ग्रामीण क्षेत्रहरूमा सय किलोमिटर भन्दा अधिक नयाँ सड़कहरू निर्माण भइरहेछन् अनि अटल सेतुद्वारा सिक्किम र दार्जीलिङबीचको सम्पर्कमा धेरै सुधार भएको छ।

उहाँले भन्नुभयो पछिल्ला पचास वर्षमा सिक्किम प्रकृति र प्रगतिको मोडल भएको छ सिक्किम पूर्ण रूपले जैविक राज्य भएको कुरा बताउँदै श्री मोदीले भन्नुभयो अब माछापालन क्षेत्रलाई पनि जैविक बनाउने दिशातर्फ ध्यान दिइँदैछ।

सिक्किमको प्रशंसा गर्दै प्रधानमन्त्रीले भन्नुभयो आगामी वर्षमा सिक्किमलाई विश्वको हरित राज्यको मोडल बनाउने लक्ष्य हुनुपर्छ।

श्री मोदीले भन्नुभयो आउँदा वर्षहरूमा भारत, खेलमा वैश्विक महाशक्तिको रूपमा देखा पर्न तयार छ र यो सपनालाई साकार बनाउनमा पूर्वोत्तर र सिक्किमका युवाहरूको महत्वपूर्ण भूमिका हुनेछ।

उहाँले भन्नुभयो सिक्किमका अज धेरै स्थानीय उत्पादहरूलाई अन्य देशहरूमा निर्यात गरिनेछ र यस दिशामा केन्द्र सरकारले पूर्ण सहयोग गर्नेछ।

प्रधानमन्त्रीले भर्चुअल माध्यमद्वारा सिक्किमका कैयौं विकास परियोजनाहरूको आधारशिला राख्नुभयो र उद्घाटन गर्नु भयो।

उद्घाटित परियोजनाहरूमा नाम्ची जिल्लामा सात सय पचास करोड़ रूपियाँभन्दा अधिक खर्चमा निर्मित नयाँ पाँच सय पलङयुक्त जिल्ला अस्पताल, गेजिङ जिल्लाको सांगाछोलिङ पेलिङमा यात्री घिर्लिङ र गान्तोक जिल्लाको सांगखोला स्थित अटल अमृत उद्यानमा भारतरत्न अटल बिहारी बाजपायीतो प्रतिमा सामेल छन्।

शिलान्यास गरिएका प्रमुख परियोजनाहरू छन्- नाम्लीमा स्वर्णजयन्ती सम्मेलन केन्द्र, गान्तोक जिललामा स्वर्ण जयन्ती खेल तथा सांस्कृतिक परिसर, याङयाङको भाले ढुंगामा स्काईवक परियोजना उत्तरेका सिंगशोर पुललाई ऐनाको स्काईवक पुलको स्वरूप दिने तादोघ कामकाजी महिला आवासको स्थापना र पाकिम जिल्लामा सय पलङयुक्त जिल्ला अस्पताल।

---

***CM***

यसअघि आफ्नो वक्तव्यमा मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो प्रधानमन्त्रीको निरन्तर सहयोग र आर्शीवादले सदैव राज्यका मानिसहरूका लागि शक्ति र प्रेरणाको रूपमा काम गरेकोछ।

प्रधानमन्त्रीको नेतृत्वमा भारतको बढ़दो उचाईको उल्लेख गर्दै श्री तामाङले अपरेशन सिन्दूरको सफल सञ्चालनका लागि केन्द्रको निर्णयक र साहसित कार्यको प्रशंसा गर्नुभयो।

सिक्किम एकता शान्ति साम्प्रदायिक सद्भावना, सिक्किम जनमानसका कारणले समग्र विश्वमा उदाहरणीय रहेको कुरो बताउँदै उहाँले भन्नुभयो राज्यले शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ।

श्री तामाङले भन्नुभयो निरन्तरमा र समावेशी प्रकृतिद्वारा अनि पर्यावरणलाई क्षति नपुऱ्याइ विकास गर्न सकिन्छ भन्ने उदाहरण सिक्किमले प्रस्तुत गरेको छ।

मुख्य मन्त्रीले भन्नुभयो राज्यले प्रधानमन्त्रीको दूरगामी कल्पना, विकसित भारच 2047 लाई हृद्यबाटै समर्थन गरेको छ र सिक्किमले केन्द्रसँगै कमदममा कदम मिलाएर अघि बढ़नेछ।

श्री तामाङले प्रधानमन्त्रीलाई वर्षव्यापी समारोह अन्तर्गत कुनै समयमा सहभागी हुन आमन्त्रित गर्नुभयो। यो निमन्त्रणालाई श्री मोदीले स्वीकार गर्नुभएको छ।

---

***Coin Stamp Released***

राज्य स्थापनाको स्वर्ण जयन्तीको अवसरमा आयोजित कार्यक्रममा आज प्रधानमन्त्रीको तर्फबाट राज्यपाल ओमप्रकाश माथुरले स्मारक सिक्का, स्म-ति सिक्का र डाक टिकट जारी गर्नुभयो।

यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा र राज्यसभा सदस्य दोर्जी छिरिङ लेप्चा पनि उपस्थित हुनुहुन्थ्यो।

विभिन्न राज्य तथा समुदायका नृत्य समाहित सांस्कृतिक कार्यक्रम समारोहको एउटा आकर्षण थियो।

प्रजातान्त्रिक एकीकरणको पाँच दशकीय यात्रा सांस्कृतिक गौरव र सामाजिक आर्थिक विकास दर्शाइएको भव्य कार्यक्रममा गन्यमान्य व्यक्तिहरू, सरकारी अधिकारीहरू र हजारौ संख्यामा मानिसहरू उपस्थित थिए।

---

***Virtual Address***

श्री मोदीको पाल्जोर स्टेडियमको समारोहमा व्यक्तिगत रूपमा उपस्थित रहने कार्यक्रम थियो तर खराब मौसमको कारणले बागडोगराबाटै भर्चुअल माध्यमले जनसभालाई सम्बोधन गर्नुभयो।

प्रधानमन्त्रीको आगमनलाई लिएर राज्यमा गरिएको तयारी र मानिसहरूमा रहेको उत्साहबारे हाम्रा सम्वाददाता डिल्लीराम दुलालको रिपोर्ट।

---

***Drone Show***

दीर्घ प्रतिक्षित ड्रोन लाइट शो अब केही बेरमा आरम्भ हुनेछ।

मुख्यमन्त्री पनि यसको साक्षी बन्नुहुनेछ।

प्रदर्शनीको अवलोकन गर्न सबैलाई आमन्त्रित गरिएको छ।

---

***VKSA***

पाकिम जिल्लामा आज विकसित कृषि संकल्प अभियानको शुभारम्भ गरियो।

भारतीय कृषि अनुसन्धान परिषद् कृषि विज्ञान केन्द्र रानीपूलले, राज्यको कृषि विभाग र आई सि ए आर सिक्किम केन्द्रसित मिलेर यसको आयोजना गरिरहेछ।

रोङली महकुमाको रिगु प्रखण्डवाट आरम्भ भएको जिल्ला स्तरीय कार्यक्रममा जागरूकता अभियान र अर्न्तक्रियात्मक सत्र आयोजित भए।

कृषि पशुपालन तथा माछापालनसँगै माटो स्वास्थ्य प्रवन्धन र बीमा योजनाबारे कृषकहरूलाई जानकारी दिनु कार्यक्रमको उद्देश्य रहेको छ।

---

***Ayush Yoga  Day***

एघारौं अन्तर्राष्ट्रिय योग दिवस आयोजनको तयारीलाई ध्यानमा राखेर नयाँ दिल्लीमा एउटा अन्तर आयुक्त समितिको बैठक बस्यो।

यसमा अन्तर्राष्ट्रिय योग दिवस 2025 को रणनीतिबारे चर्चा गरियो।

हिजो आयोजित बैठकमा प्रमुख मन्त्रालयहरू आयुष संस्थानहरू र सम्बन्धित विभागहरूका वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

यसमा बोल्दै अधिकारीहरू उपस्थित थिए।

यसमा बोल्दै आयुण मन्त्री प्रतापराव जाधवले भन्नुभयो अन्तर्राष्ट्रिय योग दिवस उत्सव मात्र नभएर एउटा यस्तो आन्दोलन हो जसले मन्त्रालयहरू, संस्थान र नागरिकहरूलाई समग्र स्वास्थ्यप्रतिको साझा प्रतिवध्दतामा जोड़छ।

---

***PB Shabd***

प्रसार भारतीले मीडिया संगठनहरूलाई भिडियो, अडियो, text र फोटोहरू लगायत विभिन्न प्रारूपका समाचार सामग्रीहरू उपलब्ध गराउनका लागि गत वर्ष मार्च महीनामा PB शब्दको शुभारम्भ गरयो।

प्राप्त जानकारी अनुसार यो सेवा आउँदो वर्ष मार्च महीनासम्म निशुल्क रहनेछ।

---

***Weather***

भारतीय मौसम विभागले पूर्वोत्तर राज्यहरू, तटीय र दक्षिण आन्तरिक कर्नाटर, केराला, मोह, तामिलनाडु, पुडुचेरी तथा कराइकलम अलग अलग स्थानहरूमा मुसलधारे पानी पर्ने अनुमान व्यक्त गरेको छ।

यता राज्मा विकेका चौबिस घण्टामा गान्तोकमा अधिकतम तापमान  डिग्री सेल्सियस, न्यूनतम तापमान  डिग्री सेन्सियस र वर्षा  मिलिमिटर रेकार्ड गरियो ।

---

***अन्त्मा प्रमुख समाचार फेरि एकपल्ट***

- ***भारतको प्रगतिमा पूर्वोत्तर क्षेत्र एक उज्जवल अध्यायको रूपमा देखा परेको प्रधानमन्त्रीको भनाई।***
- ***श्री मोदीद्वारा आज सिक्किममा कैयौं विकास परियोजनाहरूको शुभारम्भ***
- ***विकसित भारत 2047 लाई समर्थन गर्दै सिक्किमले, केन्द्रसँगै कदम मिलाएर अघि बढ़ने मुख्यमन्त्री प्रेमसिंह तामाङको प्रतिवध्दता***
- ***पाकिम जिल्लामा आज विकसित कृषि संकल्प अभियान को शुभारम्भ अनि***
- ***एघारौं अन्तर्राष्ट्रिय योग दिवसको तयारीलाई लिएर नयाँ दिल्लीमा बैठक आयोजना***

---